# काठमाडौँ महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## काठमाडौं लाजा, कमलादी, काठमाडौँ, वागमती प्रदेश, नेपाल

**सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण**

(मिति २०८१।०१।०२ देखि मिति २०८१।०३।३१ सम्मको विवरण)

### (१) निकायको स्वरुप र प्रकृतिः

काठमाडौँ महानगरपालिका वि.सं.१९७६ मा सफाई अड्डाको नामबाट स्थापना भई विभिन्न कालखण्डमा जारी भएका कानुनबमोजिम तोकिएका कार्य जिम्मेवारीहरु पुरा गर्न विभिन्न नामको कार्यालयमार्फत अविछिन्न सेवा प्रवाह गर्दै आएकोमा वि.स. २०५२ साल मंसिर २९ गते महानगरपालिका घोषणा भएको हो । स्थानीय स्वायत्त शासन ऐन, २०५५ हुँदै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम संघीय संरचना अर्न्तगत स्थानीय सरकारको रुपमा नेपालको संघीय राजधानी काठमाडौँमा अवस्थित नेपालकै जेठो महानगरपालिका काठमाडौँ महानगरपालिका हो ।

### (२) निकायको काम, कर्तव्य र अधिकारः

यस महानगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वागमती प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

### (३) निकायमा रहने कर्मचारी विवरणः

यस महानगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण र महानगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम काम कारवाही भइरहेको छ । उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण काठमाडौँ महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.npमा समेत राखिएको छ ।

## (४) निकायबाट प्रदान गरिने सेवा:

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र बागमती प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा काठमाडौँ महानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

## (५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:

यस महानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्ने सचिवालयहरु, समितिहरु, विभागहरु, महाशाखाहरु, शाखाहरु, ३२ वटा वडा कार्यालयहरु, आयोजना, कार्यक्रम तथा अन्य कार्यालयहरु रहेका छन् । महानगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारी, सहायक प्रवक्ता, विभागीय प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा उल्लेख गरिएको छ ।

## (६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

यस महानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण काठमाडौँ महानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानुन, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ । यस सम्बन्धी व्यवस्था काठमाडौं महानगरपलिकाको वेबसाइट www.kathmandu.gov.np मा समेत उल्लेख गरिएको छ ।

## (७) निर्णय गर्ने प्रक्रिया र अधिकारी:

यस महानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । महानगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, शहरी योजना आयोग, अनुगमन तथा मुल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

## (८) निर्णय उपर उजुरी सुन्ने अधिकारी:

यस महानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि महानगरपालिकाको केन्द्रिय स्तरमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकतत्वमा तीन सदस्यीय गुनासो सुनुवाई समितिको व्यवस्था गरिएको छ ।

## (९) सम्पादन गरेको कामको विवरण:

यस महानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा महानगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारवाहीहरु गर्दै आईरहेको छ ।

## (१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद:

कार्यालय प्रमुखको नाम : प्रदीप परियार

पद : प्रमुख प्रशासकीय अधिकृत

इमेल ठेगाना : ceo@kathmandu.gov.np

सम्पर्क नम्बर : ०१-४२३२८९२

सूचना अधिकारीको नाम : वसन्त आचार्य

पद : निर्देशक

सम्पर्क नम्बर : ९८५१०८७९३८

इमेल ठेगाना :rtikmc@gmail.com

: basantakmc@gmail.com

## (११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूची:

काठमाडौं महानगरपालिकाले सम्बद्ध संघीय र प्रदेश कानुन बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा हाम्रो कानुन नामक होमपेजमा राखिएको छ ।

## (१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:

यस महानगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरणहरु का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा राख्ने गरिएको छ । चालु आ.व. ०८०।०८१ को वैशाख महिनाको २ गतेदेखि असार मसान्तसम्ममा भएको आर्थिक कारोवारको विवरण यस प्रकार रहेको छ :

रु. हजारमा

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६,९४,१४,८०,०० | ६६,०१,६५,१९ | ९.५१ | ६,२८,१३,१४,८० |
| १ | कृषि | ३१,८०,००,०० | ५,०९,२८,९७ | १६.०२ | २६,७०,७१,०२ |
| २ | उद्योग | ३५,६७,५०,०० | १०,६९,१०,६४ | २९.९७ | २४,९८,३९,३५ |
| ३ | पर्यटन | ३,३५,३७,३०,०० | ११,६३,८२,०५ | ३.४७ | ३,२३,७३,४७,९४ |
| ४ | सहकारी | १०,५०,००,०० | २,३४,७४,१३ | २२.३६ | ८,१५,२५,८६ |
| ५ | वित्तीय क्षेत्र | १,७७,२०,००,०० | २३,५७,०५,७४ | १३.३ | १,५३,६२,९४,२५ |
| ६ | जलश्रोत तथा सिंचाई | २०,००,००,०० | ६,१४,७९,५५ | ३०.७४ | १३,८५,२०,४५ |
| ७ | बन | ३,५०,००,०० | ० | ० | ३,५०,००,०० |
| ८ | पशुपन्छी विकास | ७९,५०,००,०० | ६,५२,८४,१० | ८.२१ | ७२,९७,१५,८९ |
| ९ | भूमि व्यवस्था | ६०,००,०० | ० | ० | ६०,००,०० |
| २ | सामाजिक विकास | ५३,१०,२७,६०,०० | १६,२६,६७,५०,९९ | ३०.६३ | ३६,८३,६०,०९,०० |
| १ | शिक्षा | २८,६२,१८,८०,०० | ९,५१,०२,३७,७६ | ३३.२२ | १९,११,१६,४२,२३ |
| २ | स्वास्थ्य | ११,०६,५८,००,०० | २,५९,३९,६६,२३ | २३.४४ | ८,४७,१८,३३,७६ |
| ३ | खानेपानी तथा सरसफाई | १,३०,४२,२०,०० | ४०,९९,०९,१९ | ३१.४३ | ८९,४३,१०,८० |
| ४ | भाषा तथा संस्कृति | ३,६५,९६,५०,०० | १,०४,५८,५३,८७ | २८.५८ | २,६१,३७,९६,१२ |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ३,१७,३०,१०,०० | ७२,४४,७५,०९ | २२.८३ | २,४४,८५,३४,९० |
| ६ | युवा तथा खेलकुद | २,५५,७०,००,०० | ४४,३७,६९,३५ | १७.३६ | २,११,३२,३०,६४ |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | २,७२,१२,००,०० | १,५३,८५,३९,४७ | ५६.५४ | १,१८,२६,६०,५२ |
| ३ | पूर्वाधार विकास | १,१५,१६,९३,६७,१२ | २८,५४,५१,२६,०० | २४.७९ | ८६,६२,४२,४१,११ |
| १ | यातयात पूर्वाधार | ३५,४५,२२,००,७० | ६,७६,६४,८५,८७ | १९.०९ | २८,६८,५७,१४,८३ |
| २ | भवन, आवास तथा सहरी विकास | ५२,६३,९९,७७,७६ | १७,६९,४०,८३,३६ | ३३.६१ | ३४,९४,५८,९४,३९ |
| ३ | उर्जा | ५९,६१,२५,०० | २०,८७,१०,८२ | ३५.०१ | ३८,७४,१४,१७ |
| ४ | संचार तथा सूचना प्रबिधि | ३२,००,००,०० | ५,१९,७२,०२ | १६.२३ | २६,८०,२७,९७ |
| ५ | सम्पदा पूर्वाधार | २३,३८,५२,२३,६५ | २,८९,४५,४२,४५ | १२.३८ | २०,४९,०६,८१,१९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | बिज्ञान तथा प्रबिधि | १७,२५,५०,०० | ९,६६,१४,८५ | ५५.९९ | ७,५९,३५,१४ |
| ७ | पुनर्निर्माण | २,६०,३२,९०,०० | ८३,२७,१६,५९ | ३१.९९ | १,७७,०५,७३,४० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३२,२५,११,०६,८० | ४,४६,९२,२३,६३ | १३.८६ | २७,७८,१८,८३,१७ |
| १ | वातावरण तथा जलवायु | १४,०३,३५,००,०० | २,२९,०४,५८,०१ | १६.३२ | ११,७४,३०,४१,९८ |
| २ | विपद व्यवस्थापन | १,६५,३१,५६,८० | २२,६३,०३,१० | १३.६९ | १,४२,६८,५३,७० |
| ३ | मानब संशाधन विकास | १,१०,७०,००,०० | १३,४२,५०,८१ | १२.१३ | ९७,२७,४९,१८ |
| ४ | शान्ति तथा सुव्यवस्था | ५,८९,०७,००,०० | ७,६०,१३,१७ | १.२९ | ५,८१,४६,८६,८२ |
| ५ | परराष्ट्र | ७,५०,००,०० | २,५४,३५,८५ | ३३.९ | ४,९५,६४,१४ |
| ६ | कानुन तथा न्याय | ३७,१०,००,०० | १५,५७,६२,०७ | ४१.९८ | २१,५२,३७,९२ |
| ७ | शासन प्रणाली | ५,१६,९५,००,०० | ५२,०६,११,१८ | १०.०७ | ४,६४,८८,८८,८१ |
| ८ | तथ्यांक प्रणाली | १,७०,००,०० | १,१८,३२,९२ | ६९.६१ | ५१,६७,०८ |
| ९ | गरिबी निवारण | ६६,५०,००,०० | ५०,६१,२३,४३ | ७६.११ | १५,८८,७६,५७ |
| १० | श्रम तथा रोजगारी | १,००,००,०० | १८,००,०० | १८ | ८२,००,०० |
| ११ | योजना तर्जुमा र कार्यन्वयन | २५,९२,५०,०० | ४,९६,५२,३८ | १९.१४ | २०,९५,९७,६१ |
| १२ | अनुगमन तथा मूल्यांकन | १३,१०,००,०० | २,६१,५०,१३ | १९.९६ | १०,४८,४९,८६ |
| १३ | प्रशासकीय सुशासन | २,८१,००,००,०० | ४२,९०,४०,०८ | १५.२७ | २,३८,०९,५९,९१ |
| १४ | वित्तीय सुशासन | ५,९०,००,०० | १,५७,९०,४५ | २६.७६ | ४,३२,०९,५४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३४,५२,०१,३६,०७ | ६,३१,५०,९३,४५ | १८.२९ | २८,२०,५०,४२,६१ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३४,५२,०१,३६,०७ | ६,३१,५०,९३,४५ | १८.२९ | २८,२०,५०,४२,६१ |
| कुल जम्मा | | २,४१,९८,४८,५०,०० | ५६,२५,६३,५९,२८ | २३.२४ | १,८५,७२,८४,९०,७१ |

अघिल्लो आ.व. २०८०/८१ को श्रावण १ गते देखि असार मसान्त सम्म भएको आर्थिक कारोवारको वार्षिक विवरण यसप्रकार रहेको छ :

रु. हजारमा

| रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
| १ | आर्थिक विकास | ६,९४,१४,८०,०० | २,६४,५३,२७,०० | ३८.११ | ४,२९,६१,५२,९९ |
| १ | कृषि | ३१,८०,००,०० | ५,८५,२७,९६ | १८.४१ | २५,९४,७२,०३ |
| २ | उद्योग | ३५,६७,५०,०० | १९,८७,७३,३० | ५५.७२ | १५,७९,७६,६९ |
| ३ | पर्यटन | ३,३५,३७,३०,०० | १,७८,४२,७३,२९ | ५३.२ | १,५६,९४,५६,७० |
| ४ | सहकारी | १०,५०,००,०० | २,९५,४४,९२ | २८.१४ | ७,५४,५५,०७ |
| ५ | वित्तीय क्षेत्र | १,७७,२०,००,०० | २७,२९,३९,६५ | १५.४ | १,४९,९०,६०,३४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | जलश्रोत तथा सिंचाई | २०,००,००,०० | ६,१४,७९,५५ | ३०.७४ | १३,८५,२०,४५ |
| ७ | बन | ३,५०,००,०० | ९८,४४,१० | २८.१३ | २,५१,५५,९० |
| ८ | पशुपन्छी विकास | ७९,५०,००,०० | २२,९९,४४,२१ | २८.९२ | ५६,५०,५५,७८ |
| ९ | भूमि व्यवस्था | ६०,००,०० | ० | ० | ६०,००,०० |
| २ | सामाजिक विकास | ५३,१०,२७,६०,०० | ३१,९९,१७,५५,१२ | ६०.२४ | २१,११,१०,०४,८७ |
| १ | शिक्षा | २८,६२,१८,८०,०० | २१,०२,९८,७४,०८ | ७३.४७ | ७,५९,२०,०५,९१ |
| २ | स्वास्थ्य | ११,०६,५८,००,०० | ३,८१,४२,७९,१२ | ३४.४७ | ७,२५,१५,२०,८७ |
| ३ | खानेपानी तथा सरसफाई | १,३०,४२,२०,०० | ८७,००,७६,८९ | ६६.७ | ४३,४१,४३,१० |
| ४ | भाषा तथा संस्कृति | ३,६५,९६,५०,०० | २,३०,०५,२१,६० | ६२.८६ | १,३५,९१,२८,३९ |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ३,१७,३०,१०,०० | १,५८,४५,७९,९२ | ४९.९४ | १,५८,८४,३०,०७ |
| ६ | युवा तथा खेलकुद | २,५५,७०,००,०० | ६३,९४,०९,५५ | २५.०१ | १,९१,७५,९०,४४ |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | २,७२,१२,००,०० | १,७५,३०,१३,९२ | ६४.४२ | ९६,८१,८६,०७ |
| ३ | पूर्वाधार विकास | १,१५,१६,९३,६७,१२ | ५३,३६,७५,३७,९९ | ४६.३४ | ६१,८०,१८,२९,१२ |
| १ | यातयात पूर्वाधार | ३५,४५,२२,००,७० | ११,६१,०३,९३,६० | ३२.७५ | २३,८४,१८,०७,१० |
| २ | भवन, आवास तथा सहरी विकास | ५२,६३,९९,७७,७६ | ३४,४९,०५,६४,९४ | ६५.५२ | १८,१४,९४,१२,८१ |
| ३ | उर्जा | ५९,६१,२५,०० | ५०,७४,६५,६० | ८५.१३ | ८,८६,५९,३९ |
| ४ | संचार तथा सूचना प्रबिधि | ३२,००,००,०० | ८,३०,१४,१७ | २५.९४ | २३,६९,८५,८२ |
| ५ | सम्पदा पूर्वाधार | २३,३८,५२,२३,६५ | ४,९९,१८,६४,७३ | २१.३५ | १८,३९,३३,५८,९१ |
| ६ | बिज्ञान तथा प्रबिधि | १७,२५,५०,०० | १४,३७,२१,०६ | ८३.२९ | २,८८,२८,९३ |
| ७ | पुननिर्माण | २,६०,३२,९०,०० | १,५४,०५,१३,८६ | ५९.१८ | १,०६,२७,७६,१३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३२,२५,११,०६,८० | १०,१९,३७,३२,७५ | ३१.६१ | २२,०५,७३,७४,०५ |
| १ | वातावरण तथा जलवायु | १४,०३,३५,००,०० | ४,५९,५८,८६,६३ | ३२.७५ | ९,४३,७६,१३,३६ |
| २ | विपद व्यवस्थापन | १,६५,३१,५६,८० | ३९,५६,७४,७६ | २३.९३ | १,२५,७४,८२,०४ |
| ३ | मानब संशाधन विकास | १,१०,७०,००,०० | ४३,६०,४३,८५ | ३९.३९ | ६७,०९,५६,१४ |
| ४ | शान्ति तथा सुव्यवस्था | ५,८९,०७,००,०० | ८५,१८,१६,४३ | १४.४६ | ५,०३,८८,८३,५६ |
| ५ | परराष्ट्र | ७,५०,००,०० | ३,४६,९९,७५ | ४६.२७ | ४,०३,००,२४ |
| ६ | कानुन तथा न्याय | ३७,१०,००,०० | २५,८८,८८,४६ | ६९.७८ | ११,२१,११,५३ |
| ७ | शासन प्रणाली | ५,१६,९५,००,०० | १,६१,४०,५६,९५ | ३१.२२ | ३,५५,५४,४३,०४ |
| ८ | तथ्यांक प्रणाली | १,७०,००,०० | १,२०,३७,१२ | ७०.८१ | ४९,६२,८८ |
| ९ | गरिबी निवारण | ६६,५०,००,०० | ५९,८९,०२,९० | ९०.०६ | ६,६०,९७,०९ |
| १० | श्रम तथा रोजगारी | १,००,००,०० | १८,००,०० | १८ | ८२,००,०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | योजना तर्जुमा र कार्यन्वयन | २५,९२,५०,०० | ८,५६,६२,२२ | ३३.०४ | १७,३५,८७,७७ |
| १२ | अनुगमन तथा मूल्यांकन | १३,१०,००,०० | ५,५०,०३,८० | ४१.९९ | ७,५९,९६,१९ |
| १३ | प्रशासकीय सुशासन | २,८१,००,००,०० | १,२०,११,६७,७१ | ४२.७५ | १,६०,८८,३२,२८ |
| १४ | वित्तीय सुशासन | ५,९०,००,०० | ५,२०,९२,११ | ८८.२९ | ६९,०७,८८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३४,५२,०१,३६,०७ | २५,२५,४७,४९,६८ | ७३.१६ | ९,२६,५३,८६,३८ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३४,५२,०१,३६,०७ | २५,२५,४७,४९,६८ | ७३.१६ | ९,२६,५३,८६,३८ |
| कुल जम्मा | | २,४१,९८,४८,५०,०० | १,२३,४५,३१,०२,५६ | ५१.०१ | १,१८,५३,१७,४७,४३ |

**(१३) तोकिए बमोजिमको अन्य विवरण:**

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा राखिएको छ ।

**(१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण ।**

महानगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका महानगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

**(१५) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:**

काठमाडौं महानगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीको लागी काठमाडौं महानगरपालिकाको आफ्नै वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**

नेपाल सरकार, बागमती प्रदेशबाट अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विस्तृत विवरण काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१७) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगती प्रतिवेदन:**

महानगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरु आ.व.२०८०/०८१ को बजेट, नीति तथा कार्यक्रम अर्न्तगत रहेको छ । सोको प्रगति प्रतिवेदन का.म.पा. वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

## (१८) सार्वजनिक निकायको वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी:

यस महानगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गिकरण नगरेको र त्यस्ता सूचनाहरु महानगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ ।

## (१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:

नेपाली नागरिक, सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले महानगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ । मिति २०८१।०१।०२ देखि मिति २०८१।०३।३१ गतेसम्ममा ५५ जना देहायका निवेदकहरुलाई सूचना उपलब्ध गराइएको छ ।

| सि.नं. | सूचना माग गर्ने व्यक्ति | सूचनाको विषय | कैफियत |
|---|---|---|---|
| १ | अस्मिता कुमारी खड्का | का.म.पा. ले फुटपाथ निर्माण, मर्मत तथा सुधार कार्य कुन परियोजना अन्तर्गत कुनकुन सडक खण्ड र कति लागतमा गरिरहेको छ ? समेत | सूचना उपलब्ध गराइएको । |
| २ | शिवनारायण मानन्धर | आ.व.२०८०/८१ को टेन्डर नोटिस कुन एजेन्सी मार्फत के कति छुटमा प्रकाशन गरेको छ ? समेत | सूचना उपलब्ध गराइएको । |
| ३ | चित्र कुमारी रोका | यस का.म.पाको कर्मचारीको नाम सम्पर्क नम्बर समेत | सूचना उपलब्ध गराइएको । |
| ४ | अस्मिता कुमारी खड्का | का.म.पा भित्र नक्सापास बिना र विपरित बनेका ठूला भवन संरचनाहरु कति छन् समेत । | सूचना उपलब्ध गराइएको । |
| ५ | सुनिल कपाली | का.म.पा बाट मिति २०८०-१-०९-६ मा लिखित जवाफ प्रस्तुत गरेको निम्न कागजको उल्लेख गरेको हुँदा महानगर प्रमुखबाट२०७४-०९-२४ गतेको निर्णयपत्र समेत । | सूचना उपलब्ध गराइएको । |
| ६ | ज्ञान बहादुर श्रेष्ठ समेत | का.म.पा का विद्यालय शिक्षा व्यवस्थापन नियमावली २०७४ को नियम ७० मा व्यवस्था भए बमोजिम नेपालीपन झल्कने गरी मौलिक नाम राख्ने भन्ने सूचना के कुन निकायको कुन मितिमा भएको | सूचना उपलब्ध गराइएको । |

| | | | |
|---|---|---|---|
| | | निर्णयबाट पत्राचार गरिएको हो समेत । | |
| ७ | स्मृती रानाभाट | काठमाडौं महानगरपालिका भित्रको बालश्रमको सम्बन्धमा कति बालबालिका बाल श्रममा संलग्न छन् भन्ने तथ्यांक समेत | सूचना उपलब्ध गराइएको । |
| ८ | सागर जोशी | का.म.पाले २०७९/१०/१७ मा मलाई गरेको पत्रचार अनुसार संस्थागत र व्यक्तिगत बहाल करबारे अर्थ मन्त्रालयसँग छलफल गरी आवश्यक व्यवस्था लागु गर्ने बारे के लागु भयो जानकारी गर्नुहोस् | सूचना उपलब्ध गराइएको । |
| ९ | विश्वनीति प्रकाशमान सिंह पाखिन | का.म.पा कार्यालयमा आर्थिक वर्ष २०७९/८० को महालेखा परिक्षकको कार्यालयको वार्षिक प्रतिवेदन अनुसार असुल उपर गर्नुपर्नृ पेश्की पर्च्यो गर्नुपर्ने प्रमाणित वर्गिकरण विवरणको प्रमाणित प्रतिलिपि समेत | सूचना उपलब्ध गराइएको । |
| १० | खुमा वली | श्री केश तेल उत्पादक कम्पनी सप्तऋषि आयुर्वेदले अनुमति लिए नलिएको प्रमाणित प्रतिलिपि | सूचना उपलब्ध गराइएको । |
| ११ | दिपेन्द्र कुमार यादव | महानगरपालिकाले गरेको कवाड व्यवस्थापन सम्बन्धी गरेको निर्णय तथा कारवाही के कसो किन र कुन कानुनको आधारमा गरेको हो ? | सूचना उपलब्ध गराइएको । |
| १२ | सागर जोशी | महानगरपालिकाले साल ७९/८० र ८०/८१ कुन कुन संस्थाबाट कति कति बहाल कर संकलन गरेको छ समेत । | सूचना उपलब्ध गराइएको । |
| १३ | सागर जोशी | महानगरपालिकाले सुलभ फार्मेसी संचालन गर्ने भनि प्रचार गरेको प्रक्रिया कहा पुग्यो ? | सूचना उपलब्ध गराइएको । |
| १४ | अञ्जु सुवेदी | जबरजस्ती करणीसँग सम्बन्धित तथा यौनजन्य दुर्व्यवहारको वर्तमान अवस्था सँग सम्बन्धित महानगरपालिकामा भएको दर्ता निवेदकको जानकारी । | सूचना उपलब्ध गराइएको । |
| १५ | विश्वनीति प्रकाशमान सिंह पाखिन | का.म.पाको कार्यालयमा कर्मचारीहरुको चार पाङ्ग्रे साधन तथा इन्धन लिएको विवरण । | सूचना उपलब्ध गराइएको । |
| १६. | विश्वनीति प्रकाशमान सिंह पाखिन | का.म.पा.को सल्लाहाकार महेश नेपाल र ओम प्रकाश अर्यालले महानगरपालिकाको कुन महिना साल गते देखि सल्लाहाकारमा नियुक्ति हुनु भएको हो ? | सूचना उपलब्ध गराइएको । |
| १७. | जोखेमान वल | का.म.पाले आउट सोर्सको लागि कतिवटा कम्पनि सँग सम्झौता भएको छ, सो सम्भौताको प्रमाणित | सूचना उपलब्ध गराइएको । |

| | | | |
|---|---|---|---|
| | | प्रतिलिपि तथा कर्मचारी संख्या समेत | |
| १८. | शारदा भुसाल | आ.व २०८०/८१ मा का.म.पाको सूचना अधिकारीलाई सूचनाको हक सम्बन्धी कार्यक्रमको लागि विनियोजन गरेको बजेटको विवरण । | सूचना उपलब्ध गराइएको । |
| १९. | रमेश कुमार भट्टराई | युनाइटेड सिटिजन्स बहुउद्देश्य सहकारी संस्थाको लि. ठमेलका अध्यक्ष संचालक भागेपछि र उपस्थित नभएपछि साबिक डिभिजन सहकारी कार्यालयले संलग्न संचालक र उनका परिवार र कर्जाको धितो सम्पत्ति रोक्का राखेका विवरणको प्रमाणित प्रतिलिपि पाना–७ र कारबाहीका लीग प्रहरीलाई लेखेका पत्रका प्रमाणित प्रतिलिपि पाना–२ समेत । | सूचना उपलब्ध गराइएको । |
| २०. | स्वस्तिका पन्थी | काठमाडौं मल, वर्ल्ड ट्रेड सेन्टर र गुठी संस्थान पुतली सडकको भवन शुरुमा भाडामा दिएको मिति पर स्कावयर फिट दर र हाल रिन्यु भएको मिति सहित दर रहेको जानकारी उपलब्ध गराईदिनुहुन । | सूचना उपलब्ध गराइएको । |
| २१. | मन्दीरा घिमिरे | का.म.पा विरुद्ध पछिल्लो सात वर्षमा परेको मुद्धाको संख्या समेत | सूचना उपलब्ध गराइएको । |
| २२. | मन्दीरा घिमिरे | का.म.पा मेयरमा बालेन्द्र शाह निर्वाचित भएपछि महानगरले पछिल्लो दुई वर्षमा कति मिटर बाटो (८ मिटर) सम्मका कालोपत्रे गऱ्यो समेत । | सूचना उपलब्ध गराइएको । |
| २३. | इन्द्र कुमार राई | मिति २०८०/११/३० मा मैले सहकारी विभागमा दर्ता गराएको उजुरी नं. ८०४ को कारवाही अवस्थाबारे | सूचना उपलब्ध गराइएको । |
| २४. | सागर जोशी | सुलभ फार्मेसी संचालन गर्ने प्रकिया उपर निर्णय लिन कुन प्रमुख प्रशासकीय अधिकृतको कहिले फाइल पेश भएको बारे जानकारी समेत अलमल भएको कारण पाऊँ । | सूचना उपलब्ध गराइएको । |
| २५. | सागर जोशी | महानगरपालिकालाई नेपाल आर्मी र पुलिसबाट बहाल कर संकलन गर्ने अधिकार छ कि छैन ? समेत | सूचना उपलब्ध गराइएको । |
| २६. | मन्दीरा घिमिरे | काठमाडौं महानगरपालिकाको मेयरको निवास र परिसर बनाउन लागेको खर्च, सौन्दर्यकरण लगायत सबै खर्च समेत । | सूचना उपलब्ध गराइएको । |
| २७. | प्रतिमा श्रेष्ठ | यस महानगरपालिकाको क्षेत्राधिकार भित्रका वडा कार्यालयहरुमा दर्ता रहेको होटल, रेष्टुरेन्ट, सिनेमा हलहरुमा पानीलाई बोतलमा राखी लेबल गरी अधिकतम खुद्रा मुल्य भन्दा धेरै मुल्यमा बिकि वितरण गर्न नपाइने सम्बन्धमा कुनै निर्णय, निर्देशन, मापदण्ड वा आदेश भए सोको प्रतिलिपि समेत । | सूचना उपलब्ध गराइएको । |

| | | | |
|---|---|---|---|
| २८. | विश्वनीति प्रकाशमान सिंह पाखिन | का.म.पा. कार्यापालिकाको कानुनी सल्लाहाकार वरिष्ठ अधिवक्ता महेश कुमार नेपाल, ओम प्रकाश अर्याललले नियुक्ति भएको मितिदेखि हालसम्म काठमाडौं महानगरपालिकाको सबै तहबाट भएको निर्णय उपर विपक्ष/पक्षमा भएको निर्णय फैसला समेत । | सूचना उपलब्ध गराइएको । |
| २९. | सागर जोशी | का.म.पाको सडक बत्ति हरेक दिन बाल्ने निभाउने कसले गर्छ, कसरी गर्छ, कुन बेला गर्छ ?: समेत | सूचना उपलब्ध गराइएको । |
| ३०. | सागर जोशी | महानगरपालिको अनुगमन शाखामा कति जनशक्ति र तिनले गरेको बिगतमा २० जेष्ठ २०८१ देखि २८ जेष्ठ २०८१ भित्र के काम गरे प्रस्तुत गर्नुहोस् समेत | सूचना उपलब्ध गराइएको । |
| ३१. | सागर जोशी | का.म.पा र (wheels truly yours) एडभर्टाइजिङ प्रा.लि बिच पार्किङ उपर भएको सम्झौताको दफा २५ मा उल्लेख गरेको अनुगमन भएको प्रतिवेदनको प्रमाणित प्रतिलिप प्रदान गर्नुहोस । | सूचना उपलब्ध गराइएको । |
| ३२. | डम्बर बहादुर श्रेष्ठ | यस महानगरपालिकाबाट लिखत प्रमाणिकरणको लागि लिइने दस्तुरमा हाल वृद्धि गरिएको निर्णयको लिखित जानकारी उपलब्ध गराई पाऊँ । | सूचना उपलब्ध गराइएको । |
| ३३. | निरन्जन पौडेल | का.म.पा १३ नं. वडा कार्यालयको पत्र संख्या २०७८–७९ मिति २०७८/१२/२० गते चलानी नं. १३-२६८३ जारी सिफारिस पत्रमा हस्ताक्षर गर्ने वडा सदस्यज्यूलाई (राम बाबु कोइराला) वडा अध्यक्षज्यूबाट कुन मितिदेखि कुन मिति सम्म कुन निर्णयले सिफारिस गर्ने अधिकार दिनु भएको हो समेत | सूचना उपलब्ध गराइएको । |
| ३४. | राजेन्द्र थापा मगर | महांकाल मन्दिर अन्तर्गतका संरचना बारेमा छलफल गरि पाऊँ भन्ने बारेमा । | सूचना उपलब्ध गराइएको । |
| ३५. | मदन ढुङ्गाना | मिति २०८१/०१/१२ गतेको निर्णयबाट गरिएको कारबाहीको सम्बन्धमा कुन मितिको बजार अनुगमनका क्रममा बरामद गरी परिक्षण गरिएको ब्याच नं. ६० जीएमआरएस– २०, AL/YL 23, CHAI, 2080 को चाउचाउको एसिड भ्यालु बदी भएको भन्ने पाइएकाले सो चाउचाउ बरामद मिति तथा स्थान र परीक्षणकहा कुन ल्याबमा गराईएको हो, सो को परीषण प्रतिवेदन रिरर्पोटको प्रमाणि प्रतिलिपि समेत । | सूचना उपलब्ध गराइएको । |
| ३६. | केशव भट्टराई | पालिका अन्तर्गत रहेका नविकृत सम्पन्न भएका र | सूचना उपलब्ध गराइएको । |

| | | | |
|---|---|---|---|
| | | हुन बाँकी सहकारीको सूची विवरण समेत | |
| ३७. | रुक्शना कपाली | का.म.पा.मा तामाङ भाषा र नेपाल भाष मध्ये कुन भाषा सान्दर्भिक रहेको अवस्था छ? वा दुबै सान्दर्भिक रहेको अवस्था छ ? जानकारी पाऊँ समेत | सूचना उपलब्ध गराइएको । |
| ३८. | निरन्जन पौडेल | नाता प्रमाणित गरी पाउँ भन्ने रमा कुमारी उपाध्यायको मिति २०७८ वैशाख १५ मा वडा नं. १३ मा दिनु भएको निवेदन पत्रको फोटोकपि र वडा बाट सर्जमिन नाता प्रमाणितको लागी गरेको सर्जमिन मुचुल्काको फोटोकपि समेत । | सूचना उपलब्ध गराइएको । |
| ३९.. | सागर जोशी | स्मार्ट पार्किङ अनुगमन सम्बन्धमा अनुगमन टोली गठन भएको निर्णयको प्रमाणित प्रतिलिपि उपलब्ध गराउने सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४०. | सागर जोशी | विष्णुमती खोलको तिरमा सञ्चालित दुई परियोजनाः- हिड्ने बाटो र फिटनेस पार्क आयोजना समयमा पुरा हुन नसक्नुको कारण सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४१. | सागर जोशी | टेकु कनक पेट्रोलपम्प छेउमा रहेको विष्णुमती खोला उपर टेकु र कालिमाटी जोड्ने पुल बनेर पनि प्रयोगमा नआएको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४२. | सागर जोशी | काष्ठमण्डप परिसरभित्र सर्वसाधारण प्रवेश गर्न पाइन्छ वा पाइँदैन भन्ने सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४३. | सागर जोशी | काठमाडौ महानगरपालिकाले नेपाल आर्मी र प्रहरीबाट बहाल कर निर्न पत्राचार गरेको हुनाले ती निकायले कुन संरचनालाई भाडामा प्रयोग गरे बापत बहाल कर आकर्षित भएको भन्ने सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४४. | देव बहादुर बोहरा | स्थानीय तहमा न्याय निरुपण गर्ने वैकल्पिक उपायहरु जस्तैः स्थानीय अदालत, मध्यस्थता , मेलमिलापसम्बन्धी न्यायिक निकाय गठन भए नभएको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४५. | विरेन्द्र जैरु | नगरप्रमुख सचिवालयको खर्च विवरण, विद्यालय दिवा खाजा वापतको रकम निकाशी प्रक्रिया र फुटसलको ठेक्का प्रक्रिया सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४६. | कामदेव ओझा | २०८० श्रावण १ गतेदेखि २०८१ असार २४ गतेसम्म काठमाडौं महानगरपालिकामा खाजा नास्ता र अतिथि सत्कार खर्च, इन्धन वापत खर्च, प्रमुखज्यूको सचिवालयमा रहेका कर्मचारीहरुको योग्यता र नियुक्ति पत्र, सूचना अधिकारीको नियुक्ति पत्र लगायत विषयहरुको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४७. | रोजी के.सी. | अरनिको राजमार्ग अन्तर्गत तिनकुने भक्तपुर | सूचना उपलब्ध गराइएको । |

| | | | |
|---|---|---|---|
| | | सडकखण्डमा सार्वजनिक सवारीहरु रोक्ने स्थल सम्बन्धमा । | |
| ४८. | सागर जोशी | पेयपदार्थको मूल्य एम.आर.पी. भन्दा बढी लिएको बारे उजुरी सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४९. | सागर जोशी | स्थानीय तहहरुले संस्थागत निकायहरुसँग बहाल कर उठाउन मिल्ने नमिल्ने सम्बन्धमा र सोको आधार समेत । | सूचना उपलब्ध गराइएको । |
| ५०. | सागर जोशी | खाने तेलको शुद्धता, यसमा हुने मिश्रण, यसले जनस्वास्थ्यमा पार्ने असर र काठमाडौं महानगरपालिकाको सो सम्बन्धी अनुगमन सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ५१. | मन्दिरा घिमिरे | का.म.पा. प्रमुखज्यूको निवास र परिसर बनाउन लागेको खर्च ईन्टेरियर डिजाईनिङ सहित,<br>पछिल्लो २ वर्षमा प्रमुखज्यूको सचिवालयमा रहेका वैतनिक तथा अवैतनिक सदस्य र सल्लाहकारहरुको नियुक्तिको आधार र<br>पूर्व मेयर विद्यासुन्दर शाक्यको समयमा रहेका सदस्यहरुको विवरण सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ५२. | मन्दिरा घिमिरे | महानगरका सल्लाहकारहरुको तलबभत्ता र सुविधा सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ५३. | सागर जोशी | काठमाडौंको नयाँ सडकमा तत्कालिन समयमा सञ्चालन भएको स्मार्ट पार्किङको अनुगमन नभएकोबारे गरिएको उजुरी उपर कारबाही प्रक्रिया सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ५४. | सागर जोशी | आ.व. २०७४/७५ देखि आ.व. २०८०/८१ सम्मको महानगरको वेरुजुको विवरण सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ५५. | सागर जोशी | काठमाडौं महानगरपालिकाको विभिन्न आर्थिक वर्षहरुको बजेट र खर्चसम्बन्धी विवरण सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |

**२०) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण :**

महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np राख्ने गरिएको छ । मेट्रो एफ.एम., काठमाडौं महानगरपालिकाको बुलेटिन र नेपाल टेलिभिजनमा हाम्रो काठमाडौं र नेपाल मण्डल कार्यक्रम मार्फत समेत महानगरपालिका सम्बन्धी सूचना, तथ्याङ्क र गतिविधिहरु सार्वजनिक भैरहेका छन् ।